जि.प्र.का. भक्तपुर, द.नं.: ५५२/२०६०

# नेपाल इन्जिनियरिङ कलेज

(पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

चाँगुनारायण न.पा.-४, भक्तपुर, पो.ब.नं. १०२१०, काठमाडौं, नेपाल ।

फोन: [illegible]-५२२१००६, ५२२१००१

इमेल: info@nec.edu.np, वेभसाइट: www.nec.edu.np

## प्राचार्य नियुक्तीको दरखास्त आह्वान सम्बन्धि आन्तरिक सूचना ।

नेपाल इन्जिनियरिङ कलेजमा रिक्त रहेको प्राचार्य पदको लागि संचालक समितिको ४३औं बैठकको निर्णय र ४४औं बैठकबाट पारित "नेपाल इन्जिनियरिङ कलेज प्राचार्य नियुक्ती कार्यविधि २०८३" अनुसार योग्यता पुगेका इच्छुक उम्मेदवारहरूले मिति २०८३/०४/१२ गते देखि २०८३/०४/१८ गते दिउसो २:३० बजे भित्र स्वयम उपस्थित भई कलेज प्रशासन शाखामा दर्ता गराउनु हुन अथवा सोही मिति र समय भित्र ईमेल chiefadmin@nec.edu.np मार्फत दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

"नेपाल इन्जिनियरिङ कलेज प्राचार्य नियुक्ती कार्यविधि २०८३" यसै साथ संलग्न गरिएको छ ।

**नोट** : शैक्षिक योग्यता, शैक्षिक अनुभव, शैक्षिक प्रशासन तथा अन्य विषयको अनुभव पुष्टाई हुने सम्पूर्ण कागतपत्र प्रमाणित गरेको हुनु पर्नेछ । बिदेशी शैक्षिक योग्यताको हकमा त्रिभुवन विश्वबिद्यालय अथवा नेपाल सरकारको विश्वविद्यालय अनुसन्धान आयोगबाट समकक्षता लिएको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।
साथै दरखास्त सम्बन्धि कुनै विषयमा जानकारी लिनु परेमा कलेज प्रशासन शाखा सम्पर्क गर्न हुन समेत अनुरोध गरिन्छ ।

आज्ञाले

श्रीमा शर्मा
प्रमुख प्रशासक
मिति : २०८३/०४/१२

# नेपाल ईन्जिनियरिङ्ग कलेज प्रिन्सिपल नियुक्ती कार्यविधि २०८३
(आन्तरिक प्रतिस्पर्धा)

नेपाल ईन्जिनियरिङ्ग कलेजको बिधान २०६०,विगत तथा वर्तमान संचालक समितिहरुले बिभिन्न मितिमा गरेको निर्णयहरु,कलेजले अंगिकार गरीआएको प्रचलन तथा पद्दति समेतलाई ध्यानदिदै तथा अन्य बिश्वद्यिालय हरुबाट यस्तै प्रकृतिका कलेजहरुमा भएको प्रिन्सिपल नियुक्ती सम्बन्धमा एकरुपता लेराउने उद्देश्यका साथ नेपाल ईन्जिनियरिङ्ग कलेजको संचालक समितिको मिति २०८३।४।१२ गते वसेको ४४ औ बैठकले देहाय बमोजिमको कार्यबिधि स्वीकृत गरि आज मिति २०८३।४।१२ गते बाटै लागु गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः–**

क)यो कार्यविधिको नाम "नेपाल ईन्जिनियरिङ्ग कलेजको प्रिन्सीपल नियुक्ती सम्बन्धि कार्यबिधि २०८३" रहेकोछ ।

ख)यो कार्यबिधि मिति २०८३।४।१२ गते देखि प्रारम्भ हुनेछ ।

**२.परिभाषाः–**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः

क)"अध्यक्ष " भन्नाले संचालक समितिको अध्यक्षलाई सम्झनु पर्दछ र सो शब्दले अध्यक्षको कार्य गर्न तोकिएको ब्यक्तिलाई समेत मानिने छ ।

ख)"कार्यालय" भन्नाले नेपाल ईन्जिनियरिङ्ग कलेजको कार्यालय,अध्यक्षको सचिवालयलाइ सम्झनु पर्छ ।

ग) समिति भन्नाले संचालक समितिलाई सम्झनु पर्दछ

घ) सिफारिस समिति भन्नाले प्रिन्सीपल नियुक्तिका लागि गठन भएको सिफारिस समितिलाइ जनाउनेछ ।

**३.कार्यबिधिको व्याख्याः–**

यस कार्यबिधिको अन्तिम व्याख्या गर्ने अधिकार कलेज संचालक समितिलाई हुनेछ ।संचालक समितिले आवस्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**४.सिफारिस समिति गठनः**

क)कलेजको बिधान तथा कर्मचारी नियमावली,(संशोधन सहित)बमोजिम सामान्य तया प्रिन्सिपलको पद रिक्त हुनुभन्दा कम्तीमा १५ दिन अगावै सिफारिस समिति गठन गर्नेछ ।

ख) सिफारिस समितिमा बिषय बिज्ञ,कलेजको सहयोगि तथा त्यस क्षेत्रमा कार्यरत महानुभावहरुलाई सम्मिलीत गरी बढीमा ५ सदस्यीय हुनेछ ।

ग) सिफारिस समितिले प्रिन्सिपल नियुक्तीका आधार,योग्यता समावेश हुने गरी कम्तीमा ७(सात) दिनको म्याद राखि सूचना प्रकाशन गर्नेछ ।

घ)तोकिएको समयभित्र योग्यता पुगेका महानुभावहरूले कार्यालयमा उपस्थित भै या सूचनामा तोकीएको आधिकारीक ईमेल मार्फत आफ्ना शैक्षिक,अनुभव लगायतका प्रमाणहरु सहित आवेदन गर्न सक्नु हुनेछ ।

**५) योग्यताः** प्रिन्सिपल पदको लागि आवेदन गर्न निम्न योग्यता पुगेको हुनु पर्नेछः

**१) शैक्षिक योग्यताः**

क)मान्यताप्राप्त बिश्वबिद्यलायबाट कम्तीमा ईन्जिनियरिङ्ग तथा आर्कीटेक्चर बिषय (STEM)लगायत अन्य बिषयमा स्नातकोत्तर उतिर्ण गरी कलेजको शिक्षण,अनुसन्धान,शैक्षिक ब्यबस्थापन क्षेत्रमा कम्तीमा १० बर्ष कार्य अनुभव भएको हुनुपर्नेछ

ख)प्राचार्य,सहायक प्रार्चाय,प्राज्ञिक संयोजक,बिभागिय प्रमुख वा सो सरहको नेतृत्वदायि भूमिकाको कार्य अनुभव भएको साथै कम्तीमा एक पूर्ण कार्यकाल नेतृत्वदायि जिम्मेवारी पुरा गरेको अनुभव भएको हुनु पर्नेछ ।

ग) कम्तीमा एशोसिएट प्रोफेसर पदमा रही कार्य गरेको हुनुपर्नेछ ।

तर कुनैपनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको,कलेजको संचालक समिति तथा ब्यबस्थापन समितिबाट गठित अनुसशासन समितिबाट कुनै बिषयमा अनुशासन सम्बन्धि कार्वाही गरी सो कार्वाही समाप्त भएको कम्तीमा २ वर्ष पुरा भएको ब्यक्ति मात्र उम्मेदवारको लागि योग्य ठहरीने छ ।

**६) सिफारिस समितिको वैठकः** सिफारिस समितिको वैठक समितिका संयोजकले आवस्यकता अनुसार वोलाउनेछ ।

**७) मापदण्डः** सिफारिस समितिले प्रिन्सिपलको पदमा सिफारिस गर्दा अप्नाउने मापदण्ड निम्न बमोजिम हुनेछ भने पूर्णाकं ३५ (पैतिस ) कायम गरिएको छ।

१) शैक्षिक योग्यता तर्फको पूर्णाङ्क ३ अंक ।

क) STEM बिषयमा बिद्यावारिधि वा एम फिल गरेको तर्फ ३ अंक ।

ख) STEM बिषयमा स्नातकोत्तर गरेको तर्फ २ अंक ।

२) शैक्षिक अनुभव तर्फ पूर्णाङ्क ११ अंक

क) १५ बर्ष भन्दा माथिको अनुभव ११ अंक

ख) १४ बर्ष भन्दा माथिको अनुभव १०अंक

क) १३ बर्ष भन्दा माथिको अनुभव ९ अंक

क) १२ बर्ष भन्दा माथिको अनुभव ८ अंक

क) १० बर्ष भन्दा माथिको अनुभव ७ अंक

३) शैक्षिक प्रशासन तर्फ पूर्णाङ्क १५ अंक

बिभागिय प्रमुख वा सो भन्दा माथिको पदको अनुभव हासिल गरेको हुनुपर्ने।तर विडएम प्रोग्राम अफिसर,सि.पि.एस .डाइरेटरको अनुभवलाई र परिक्षा शाखा,बिद्यार्थी कल्याण तथा अतिरिक्त क्रियाकलाप शाखाको प्रमुख भै एककार्यकाल पुरा गरेको ब्यक्तिले पनि बिभागिय प्रमुख सरहको मान्यता पाउने छ ।

क) १० बर्ष भन्दा माथिको अनुभव १५ अंक

ख) ९ बर्ष भन्दा माथिको अनुभव १४अंक

ग) ८ बर्ष भन्दा माथिको अनुभव १३ अंक

घ) ७ बर्ष भन्दा माथिको अनुभव १२अंक

ङ) ५ बर्ष भन्दा माथिको अनुभव १० अंक

च) ४ बर्ष भन्दा माथिको अनुभव ९ अंक

छ) ३ बर्ष भन्दा माथिको अनुभव ८ अंक

ज) २ बर्ष भन्दा माथिको अनुभव ७ अंक

ङ) १ बर्ष भन्दा माथिको अनुभव ६ अंक

४) अन्य बिषयको अनुभव तर्फ पूर्णाङ्क ६अंक

क) समितिको अनुभव पूर्णाङ्क २ अंक

भर्ना समिति,साईटेक समिति,आरएमसी समिति,संचालक समितिले गठन गरेका बिभिन्न समितिहरु जस्तै शिक्षक कर्मचारी छनौट समिति,बजेट समिति,कलेजको नियमावली सुधार समिति,तलव समायोजन समिति, कलेज सुधारका लागि गठन भएका बिभिन्न समितिका संयोजक भई कायम गरेको हुनु पर्नेछ ।

तर एक समितिको संयोजक भै काम गरेको हकमा १ पूर्णाङ्क र सो भन्दा माथि जति पटकपटक पनि संयोजक भएमा २ पूर्णाक पाउने छ

ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा मान्यता प्राप्त बिश्वबिद्यालय,कलेज,सरकारी निकायबाट प्रकाशन हुने (Publication : Peer reviewed,indexed Journal articles –NepJol,Secupus or web of Science _ International Conference paper publishid in proceedings, book in realted field with ISBN) जर्नलमा मुख्य लेखक या प्रकाशक (प्रिन्सीपल अर्थर)भै रिसर्च प्रकाशित भएकोमा एकपटकको प्रकाशन भए १ अंक सो भन्दा बढी भएमा २ अंक

ग) रिसर्च प्रोजेक्ट तर्फ २

कलेजको ख्याती प्राप्तीको लागि विभिन्न समयमा बिभिन्न बिषयमा रिसर्च गर्ने प्रोजेक्ट संचालन गर्न प्रिन्सीपल इन्भेष्टीगेटर भै काम गरे तर्फ१ अंक र सो भन्दा जति पटक भए पनि २ अंक प्रदान गरिने छ ।

**८) संक्षिप्त सूचि प्रकाशनः**

सिफारिस समितित ले यसरी माथि उल्लेखित दफा ५ बमोजिम पूर्णाङ्क ३५ अंक मध्ये कम्ती ७० प्रतिशत अर्थात २४.५ अंक भार लेराउने दखास्तवाला मध्येबाट अधिकतम अंकभार लेराउने बढीमा ५ जनाको संक्षिप्त सूचि प्रकाशन गरिनेछ।

**९) प्रस्तुती तथा अन्तरवार्ताः**

संक्षिप्त सूचिमा समावेश हुनुभएका उम्मेदवाहरुलाइ मात्र आफ्नो कार्ययोजना,कार्यान्वयन तर्फको बिधि,प्रस्तुती तथा अन्तरवार्ता तर्फ समावेश गरिने छ,जस्को पूर्णाङ्क १५ अंक हुनेछ ।

क) शैक्षिक कार्ययोजना तर्फ २ अंक

ख) प्रशासकिय र ब्यबस्थापन कार्ययोजना थर्फ २ अंक

ग) बितिय ब्यवस्थाप कार्ययोजना तर्फ २ अंक

घ) कलेज बिस्तार र बिकास कार्ययोजना तर्फ २अंक

ङ) पहिचान पर्वधन,प्रतिष्ठा कार्ययोजना तर्फ २अंक

च) अन्तवार्ता (प्रस्तुती ) तर्फ ५ अंक

**१०) सिफारिस**

क) माथिको दफा ५ र ६को मुल्याकंन पश्चात सिफारिस समितिले उत्कृष्ट अंक लेराउने उम्मेदवारहरु मध्येबाट ३ जनाको नाम संचालक समिति समक्ष पेश गर्नेछ।संचालक समितिले ३ (तीन)जना मध्येबाट १जनालाई प्रिन्सिपल (प्राचार्य) नियुक्ति गर्नेछ ।

ख) सिफारिस समितिले कार्यविधि बमोजिम काम गर्दा बिषय विज्ञ,यस क्षेत्रमा कार्यरत बिशिष्टकृत महानुभावहरू सग राय परामर्श लिन सक्नेछ ।

**११) बिबिध**

क) समितिको कार्यकालका सम्बन्धमा संचालक समितिले निर्णय गरे बमोजिम हुनेछ ।

ख) पारिश्रमिक तथा सुविधा संचालक समितिले तय गरे बमोजिम हुनेछ ।

ग) कार्यबिधिमा उल्लेखित कुनै शर्त तथा ब्यबस्था नेपाल सरकारले तोकेको मापदण्ड तथा कानून बिपरित भएका सो हदसम्म बदर हुनेछ ।

मस्यौदाकार

अधिवक्ता किरण न्यौपाने कानूनी सल्लाहाकार

संचालक समितिबाट गठित सिफारिस समिति

संयोजक सोम प्रसाद प्रधान

सदस्य नरेश खड्का

सदस्य सन्तोष के.सीं

सदस्य दिनेश खनाल

सदस्य किरण न्यौपाने कानूनी सल्लाहाकार

NEPAL ENGINEERING COLLEGE 1994